# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, भदौ११ गते, २०७७ साल (संख्या १६

## भाग ३

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०५।११ को निर्णयानुसार "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७७" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (पहिलो संशोधन) निर्देशिका,२०७७**

**प्रस्तावना:** प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका ,२०७६ मा संशोधन गर्न वाञ्छनिय भएकोले,

प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (पहिलो संशोधन) निर्देशिका , २०७७" रहेको छ।

(२) यो निर्देशिका तुरून्त लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) **"मूल निर्देशिका"** भन्नाले "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०७६" सम्झनुपर्छ ।

३. **मूल निर्देशिकाको दफा ३ मा संशोधनः** (१) मूल निर्देशिकाको दफा ३ को उपदफा (१) मा देहायका सदस्य थप गरिएको छः-

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका, सचिव - सदस्य
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका, सचिव - सदस्य
प्रदेश योजना आयोगका उपाध्यक्ष - सदस्य

(२) मूल निर्देशिकाको दफा ३ को उपदफा (२) मा सशस्त्र बल पछिको "प्रमुखहरू" भन्ने शब्द झिकिएको छ र "नेपाल, राष्ट्रिय अनुसन्धानका प्रमुखहरू, प्रदेशभित्रका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू, प्रदेश प्रहरी प्रमुख, प्रदेश अनुसन्धान ब्यूरो प्रमुखहरू" भन्ने शब्दहरू थपिएका छन्।

४. **मूल निर्देशिकाको दफा ६ मा संशोधनः** (१) मूल निर्देशिकाको दफा ६ को उपदफा (१) मा देहायका सदस्य थप गरिएको छः-

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका, सचिव - सदस्य
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका, सचिव - सदस्य

प्रदेश अनुसन्धान ब्युरो प्रमुख - सदस्य

(२) मूल निर्देशिकाको दफा ६ को उपदफा (२) मा सशस्त्र बल पछिको "प्रमुखहरू" भन्ने शब्द झिकिएको छ र "नेपाल, राष्ट्रिय अनुसन्धान ब्युरोको प्रमुख र प्रदेश राजधानी स्थित जिल्लाको प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरू थपिएका छन।

५. **<u>मूल निर्देशिकाको दफा ८ को खण्ड (ख) मा संशोधनः</u>** मूल निर्देशिकाको दफा ८ को खण्ड (ख) मा सम्बन्धित निकाय पछि "तथा" भन्ने शब्द हटाई "जिल्ला विपद् व्यवस्थापन समिति र" भन्ने शब्दहरू थपिएका छन।

६. **<u>मूल निर्देशिकाको दफा १० को उपदफा (१) मा संशोधनः</u>** मूल निर्देशिकाको दफा १० को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

(ग) कोषको रकम प्रयोग गर्दा प्रमुख जिल्ला अधिकारी र स्थानीय तहबाट पहिचान भई सिफारिस भएका कार्यहरूलाई प्राथमिकता दिइनेछ।

७. **<u>मूल निर्देशिकाको दफा ११ को उपदफा (२) को खण्ड (घ) मा संशोधनः</u>** मूल निर्देशिकाको दफा ११ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

(घ) प्रमुख जिल्ला अधिकारी र स्थानीय तहको सिफारिसको आधारमा राहत रकमको एकिन गरी उपलब्ध गराउने।

८. **<u>मूल निर्देशिकाको दफा १२ को उपदफा (१) मा संशोधनः</u>** (१) मूल निर्देशिकाको दफा १२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

(१) विपद्बा ट देहाय बमोजिमको क्षतिको लागि स्थानीय तह र प्रहरी मुचुल्का समेतको आधारमा प्रमुख जिल्ला अधिकारीबाट सिफारिस भै

आएमा क्षतिबाट सृजित सङ्कटासन्नता अनुसार देहाय बमोजिम राहत उपलब्ध गराइनेछः

(२) मूल निर्देशिकाको दफा १२ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः

(क) परिवारले आवासको रूपमा प्रयोग गर्दै आएको घर नष्ट भएकोमा छानो, टिन वा स्लेट लगाउन एकमुष्ट रूपमा रू. ४०,०००।— (चालिस हजार)

(३) मूल निर्देशिकाको दफा १२ को उपदफा (१) को खण्ड (ग) मा "मिलाउनका लागि" भन्ने शब्द पछि "बढीमा" भन्ने शब्द झिकिएको छ।

(४) मूल निर्देशिकाको दफा १२ को उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) राखिएको छः

(ग१) घरबासको लागि प्रयोग भएको जग्गा, जमिन नोक्सान भएको र घरबास निर्माणको लागि अन्य स्थानमा जग्गा नरहेको वा प्रभावितको नाममा भएको जग्गामा घरबास निर्माण गर्न नसकिने भएमा रू . ५०,०००।- (पचास हजार)

(५) मूल निर्देशिकाको दफा १२ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः

(घ) पसल वा व्यापार नोक्सान भएकाहरूलाई बढीमा रू.५०,०००।- (पचास हजार)

(६) मूल निर्देशिकाको दफा १२ को उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः

(ङ) घाइते हुनेहरूको लागि अस्पतालमा उपचार गराउँदा लागेको बिल बमोजिमको खर्च बढीमा रू . १,००,०००।- (एक लाख)। र तराईका जिल्लामा रू.२,५००।- (दुई हजार पाँच सय) र पहाडी तथा हिमाली जिल्लामा रू . ५,०००।- (पाँच हजार) सम्मको अस्पताल आवतजावत खर्च।

(७) मूल निर्देशिकाको दफा १२ को उपदफा (१) को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ१) राखिएको छः

(झ१) आगलागी, बाढी, पहिरो र डुबानमा परी गोठ समेत क्षति भई जीवन निर्वाहको लागि पालेको पशुपन्छीको क्षति भएको र त्यस्तो पशुपन्छीको बिमा नगरेको भएमा बढीमा रू .५०,०००।— (पचास हजार)। यसरी राहत प्राप्त गर्नेले आफ्नो पशुधनको अनिवार्य रूपमा बिमा गराउनुपर्नेछ।

९. **<u>मूल निर्देशिकाको दफा १२ को उपदफा (२) मा संशोधनः</u>** मूल निर्देशिकाको दफा १२ को उपदफा (२) को प्रावधान हटाईएको छ ।

१०. **<u>मूल निर्देशिकाको दफा १२ को उपदफा (३) मा संशोधनः</u>** मूल निर्देशिकाको दफा १२ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः

(३) विपद् प्रभावितले राहतको लागि निवेदन दिँदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, क्षतिको विवरण एकिन भएको प्रहरी मुचुल्का र घटना पुष्टी हुने प्रचलित कानून बमोजिमका आवश्यक अन्य कागजातहरू समेत संलग्न गरी बढीमा तीस दिनभित्र स्थानीय तहमा

निवेदन दिइसकेको हुनुपर्नेछ। स्थानीय तहले निवेदन प्राप्त भएको सात दिनभित्र जिल्ला प्रशासन कार्यालयमा र जिल्ला प्रशासन कार्यालयले सात दिनभित्र मन्त्रालयमा सिफारिस गरिसकेको हुनुपर्नेछ।

११. **मूल निर्देशिकाको दफा १२ को उपदफा (४) मा संशोधनः** मूल निर्देशिकाको दफा १२ को उपदफा (४) मा अवस्था भएमा भन्ने शब्द पछि "जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानिय विपद् व्यवस्थापन समितिले" को सट्टा "प्रमुख जिल्ला अधिकारी र स्थानीय तहले" राखिएको छ र तोकिए बमोजिम भन्ने शब्द पछि "स्थनीय विपद् व्यवस्थापन कोषबाट खर्च गरी सोधभर्ना माग गर्न सक्नेछ" को सट्टा "सम्बन्धित तहको विपद् व्यवस्थापन कोषबाट खर्च गरी मन्त्रालयमा शोधभर्ना माग गर्न सक्नेछ।" भन्ने शब्द राखिएको छ।

१२. **मूल निर्देशिकाको दफा १२ को उपदफा (४) पछि उपदफा (४क) थपिएकोः** मूल निर्देशिकाको दफा १२ को उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः

(४क) यसरी प्रदेश विपद् व्यवस्थापन कोषबाट जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा उपलब्ध गराइने रकम मन्त्रालयले तोके बमोजिमको विपद् सम्बन्धी काममा खर्च गर्न बाधा पर्ने छैन।

**१३. मूल निर्देशिकाको दफा १३ मा संशोधनः** मूल निर्देशिकाको दफा १३ मा विपद्को समयमा शब्द पछि "खोज" भन्ने शब्द थपिएको र "गरिनेछ" को सट्टा "हुनेछ" राखिएको छ।

१४. **मूल निर्देशिकाको दफा १३ पछि देहायको दफा १३(क) थपिएकोः** मूल निर्देशिकाको दफा १३ पछि देहायको दफा १३(क) थप गरी निम्नानुसारको व्यवस्था उल्लेख गरिएको छः-

**१३(क). राहत रकम रोक्का तथा असुलउपर र कारवाही सम्बन्धी व्यवस्थाः**

(१) कुनै व्यक्तिले विपद्को घटना घट्न सक्ने गरी लापरबाही

गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(२) कसैले विपद् बाहेक अन्य घटनाको कारण प्रभावित भएको तर राहत प्राप्त गर्ने मनसायले विपद्को कारण प्रभावित भएकोमा वा विपद्बाट वास्तविक प्रभावितसँग आफ्नो नाम समावेश गर्न लगाई वा आफैंले घटना घटाई यस निर्देशिका बमोजिम प्रदान गरिने राहत रकम प्राप्त गर्ने उद्देश्यले झुठा कागजात तथा सिफारिस बनाई वा बनाउन लगाई राहत रकम प्राप्त गर्न लागेको भन्ने सूचना प्राप्त भएमा त्यस्तो राहत रकम रोक्का राख्न वा रोक्का राख्न लगाउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम राहत रकम प्राप्त गरिसके पश्चात जानकारी हुन आएमा राहत प्रदान गरेको रकम राहत प्राप्त गर्नेबाट सरकारी बाँकी सरह असुल उपर गर्न मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिन सक्नेछ। यसरी असुल उपर गरेको रकम जिल्ला विपद् व्यवस्थापन कोषमा आम्दानी बाँधिनेछ।

**आज्ञाले,**
**रविलाल पन्थ**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय